नारायण राजपत्र

नारायण नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित

# विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन निर्देशिका

खण्ड:२ संख्याः १७ मितिः २०७५/३/३२

## भाग-२

## नारायण नगरपालिका

**प्रस्तावना:** विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणा बमोजिम नारायण नगरपालिका क्षेत्रभित्र प्रारम्भिक बालशिक्षा देखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को ज र शिक्षा नियमावली, २०५९ को नियम १९२ ङ ले दिएको अधिकार प्रयोग गरी नारायण नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १: संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०७५ रहेको छ ।

(२) यो निर्देशिका नारायण नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत गरी दुबै प्रकारका विद्यालयको हकमा लागू हुनेछ ।

### २. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:,

(क) "**मन्त्रालय**" भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ख) **"विभाग"** भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

(ग) **"विद्यालय क्षेत्र विकास योजना"** भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा सन् २०१६ देखि सन् २०२२ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(घ) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्दछ ।

(ङ) **“नियमावली”** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्दछ ।

(च) **“विद्यालय समायोजन”** भन्नाल ऐनको दफा १५ र नियमावलीको नियम १२क. तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को ज अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँदछ ।

(छ) **“दरबन्दी मिलान“** भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस निर्देशिका बमोजिम शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(ज) “नगरपालिका“ भन्नाले नारायण नगरपालिकालाई सम्झनुपर्दछ

**परिच्छेद-२**

**विद्यालय समायोजन सम्बन्धी व्यवस्था**

**३. विद्यालय समायोजन गर्ने कार्यविधिः**

१. यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुऱ्याएका तर आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

२. माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

३. विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यबस्था कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ ।

४. विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ ।

५. नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ ।

**६. विद्यालय समायोजनका आधारहरू:** (१) ऐनको दफा १५ र नियमावलीको नियम १२क. को अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा समितिले दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँन देहायको आधारमा गर्न सकिने छ:

(क) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको,

(ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा कम रहेको,

(ग) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र | १० | |
| २ | १-३ | ३० | |
| ३ | १-५ | ४० | |
| ४ | ६- ८ | ४५ | |

| | | | |
|---|---|---|---|
| ५ | ९-१० | ४० | |
| ६ | ११-१२ | ५० | |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दूरी आधा घण्टाभन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या पुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ।

(च) भौगोलिक रूपले विकटता नभएको अवस्था ।

(छ) दुई वा दूई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँनका लागि सम्वन्धित विद्यालय र स्थानीय तहको रायमा नगर शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ ।

(ज) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठाउनुपर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम सम्पत्ति दाखेल खारेज भएको ब्यहोराको जानकारी नगरपालिकाले मन्त्रालय र शिक्षा विभाग समेतलाई दिनु पर्नेछ ।

(ञ) एक भन्दा बढी प्रारम्भिक बालकिास केन्द्र भएका विद्यालय र हाल समुदायमा सञ्चालनमा रहेका  कनिष्ठ बालविकास केन्द्र नजिकको बालविकास केन्द्र नभएको विद्यालयमा नगर शिक्षा समितिले गाभ्नको लागि सिफारिश गरिनेछ । गाभिएको बालविकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता स्वतः समायोजन हुने गरी व्यवस्थापन गरिनेछ ।

(ट) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिशसहित माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

(ठ) उपदफा ट मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले नगर शिक्षा ऐनले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाएमा विद्यालयको सञ्चालकको राय लिई गाभ्न वा बन्द गर्न सक्नेछ ।

(ठ) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा नगरपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन गरेको नपाईएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन सक्नेछ ।

**५. दरबन्दी मिलानका आधारहरु**

नगर शिक्षा समितिले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम रुपमा प्रति कक्षा एक जना  शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाउनेछ । शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै

प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछ ।

क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा

ख) शिक्षक विद्यार्थी अनुपात तपसीलको भन्दा कम भएमा

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | १-३ | ३ | प्रारम्भिक बाल शिक्षा सहित (समावेशीताको आधार अनुसार) |
| २ | १-५ | ४ | प्रारम्भिक बाल शिक्षा सहित (समावेशीताको आधार अनुसार) |
| ३ | ६- ८ | ३ | भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य ( समावेशीताको आधार अनुसार) |
| ४ | ९-१० | ३ | भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य ( समावेशीताको आधार अनुसार) |
| ५ | ११-१२ | ३ | नेपाली र अंग्रेजी अनिवार्य (समावेशीताको आधार अनुसार) |

ग) यस निर्देशिकामा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्याभन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम भएमा तहगत वा विषयगत रुपमा कनिष्टताका (नियुक्ति) आधारमा नजिकको उही वडाको विद्यालय वा नजिकको वडाको विद्यालयमा दरबन्दीसहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

| क्र.सं. | कक्षा | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|

| | | |
|---|---|---|
| १ | १-३ | १:२५ |
| २ | १-५ | १:३० |
| ३ | ६- ८ | १:३५ |
| ४ | ९-१० | १:४० |
| ५ | ११-१२ | १:४५ |

घ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

(ङ) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा  शिक्षक स्वयंको इच्छाले जान चाहेमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ ।

(च) नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रअको रुपमा व्यवस्थापन गर्न र योग्यता नपुगेमा तहगत वरिष्ठताका आधारमा निमित्त प्रअको रुपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी बनाइनेछ । दरबन्दी मिलानका क्रममा समेत प्रअ व्यवस्थापनलाई जोड दिईनेछ ।

**६. विद्यालयको स्तरवृद्धिका लागि हुने समायोजनः**

(१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः,

(क) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसँगको सहकार्यमा प्रारम्भिक बाल विकास केन्दको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले कक्षा १-५ का रूपमा सञ्चालन हुन पाउनेछन् ।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभुत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

(ङ) कक्षा ११- १२ सम्म अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

**७. समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरणः**

१. दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानियता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ, तर, नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी ब्यवस्था अनुसार कुनै ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ ।

२. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र नगरपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

३. समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्याालय सञ्चालन गर्न नगरपालकाले अनुमति दिन सक्नेछ ।

**परिच्छेद-३**

**भौतिक, शैक्षिक व्यबस्थापन र अनुदान सम्बन्धी व्यवस्था**

**८. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यबस्थापनः**

१. विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

२. विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवस्यक कारबाहीका लागि सम्बन्धित वडामा पेश गर्नु पर्नेछ र वडा सरकारले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

३. विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, ब्यावसायिक खेती गरिएको रहेछ भने

त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित सम्बन्धित वडामा पेश गर्नुपर्नेछ ।

४. अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफरिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ ।

**९. प्रोत्साहन अनुदान दिइने:**

१. दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि आगामी आर्थिक बर्ष २०७५।०७६ को बजेटमा पूरै विद्‌यालय गाभिएमा एकमुष्ट एक लाख र कक्षा गाभिएमा प्रतिकक्षा ३०००० दरले एक पटकका लागि प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

२. विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनु पर्नेछ ।

**१०. विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यबस्थापन:**

१. विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यक्ता भन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

२. गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकता र दफा ५ ग मा भएको व्यवस्थाका आधारमा नगर शिक्षा समितिको सिफारिशमा पदस्थापना गरिनेछ ।

३. विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या नगरपालिकाको पुलमा रहने छ । त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

**११. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यबस्थापनः**

क) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ । समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ । सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेजी हुनेछ ।

**परिच्छेद-४**

**विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको काम**

**१२. विद्यालय व्यवस्थापन समितिको कामः**

१. विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवाक्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज

हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**१३. स्रोत केन्द्रको कामः**

१. विद्यालय समायोजन तथा दरबन्दी मिलानसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि स्रोतकेन्द्रमा  सरोकारवालाहरूको अन्तरक्रिया, भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

२. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई विद्यालय समायोजन तथा दरबन्दी मिलानसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्रियाशील बनाउने कार्यक्रम  सञ्चालन गरी प्रगति विवरण नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नु  पर्नेछ ।

३. विद्यालय समायोजन तथा दरबन्दी मिलानसम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्थाको मासिक रुपमा  अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गरी र मूल्याङ्कन गरी नगर शिक्षा  समिति मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**१४. नगर शिक्षा समितिको कामः**

१. विद्यालय समायोजन वा गाभ्नेसम्बन्धी कार्यक्रम  कार्यान्वयनका लागि आफ्नो नगरपालिकाभित्रका विद्यालयहरूको  अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिर्या  कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

२. विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्नु पर्नेछ ।

३. विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी तथा यस निर्देशिकामा भएको ब्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान गर्नेछ ।

**परिच्छेद -५**

**विविध**

**१५. निर्देशिकामा संशोधनः** नगर कार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ,।

**१६. बाझिएमा गर्नेः** यस निर्देशिकाको व्यबस्था ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम भएको हुनेछ ।

**१७. ब्याख्याः** यस निर्देशिकामा भएका व्यबस्थाको ब्याख्या नगरपालिकाबाट हुनेछ र नगरपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

आज्ञाले,
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत